**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौ**

☎ ४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७४/०७५
चलानी नं.: ५२६९

मिति : २०७४।११।१६

**बिषय: शिक्षक/कर्मचारीको काज सम्वन्धमा ।**

श्रीमान् सचिवज्यू,
शिक्षा मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

नेपालको संविधानको अनूसूची ८ को स्थानीय तहको अधिकार सूचीमा आधारभूत तह र स्थानीय तहको शिक्षा व्यवस्थापनको जिम्मेबारी स्थानीय तहमा रहने गरी व्यवस्था भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ज) मा गाँउपालिका/नगरपालिकाले सम्पादन गर्नुपर्ने शिक्षा सम्वन्धी २३ वटा कार्यहरु अनुरुप आधारभूत तह र माध्यमिक तहको शिक्षा व्यवस्थापनको गम्भीर जिम्मेवारी गाउपालिका/नगरपालिकामा रहेको सन्दर्भमा गाउपालिका/नगरपालिकालाई सो कार्य सम्पादन गर्न सहजिकरण गर्नका लागि शिक्षा मन्त्रालयको राय समेतको आधारमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाउपालिका/नगरपालिकाका लागि नमूना शिक्षा नियमावली तयार पारी ७५३ वटै स्थानीय तहहरुमा पठाएको तथा सोही नमूना नियमावलीका आधारमा धेरै जसो गाउपालिका र नगरपालिकाले आ-आफ्नो शिक्षा व्यवस्थापनका लागि कानून, कार्यविधि तर्जुमा गरी शिक्षा सम्वन्धी कार्यहरु सम्पादन गर्न प्रारम्भ गरेको व्यहोरा अनुरोध गर्दछु ।

यसै परिप्रेक्ष्यमा, विद्यालयमा हुने पठन-पाठनलाई व्यवस्थित गर्न अन्य कुराहरुका अतिरिक्त प्रयाप्त रुपमा शिक्षक दरवन्दी र शिक्षक/कर्मचारीको व्यवस्था गर्नु आवश्यक हुन्छ तर कतिपय विद्यालयका शिक्षक/कर्मचारीहरु आफ्नो दरवन्दी रहेको विद्यालय भन्दा वाहिर काजमा खटाईएको, अन्य विद्यालयहरुमा कार्यरत रहेको, स्रोत व्यक्तिका रुपमा कार्यरत रहेको, सदरमुकाम वरीपरीका विद्यालयमा दरवन्दी भन्दा वढी शिक्षक अध्यापन कार्यमा संलग्न रहेको आदि कारणले सबै विद्यालयहरुमा पर्याप्त संख्यामा विषयगत रुपमा शिक्षकको उपस्थिति नरहंदा ती विद्यालयका पठनपाठनमा अवरोध पुग्न गएको तथा विद्यार्थीहरुले प्राप्त गर्नु पर्ने गुणस्तरयुक्त शिक्षाको सुनिश्चिततामा अवरोध पुग्न गएको भनि यस मन्त्रालयमा जानकारी प्राप्त भएको छ । यसै गरी एक स्थानीय तहको शिक्षक/कर्मचारी अर्को स्थानीय तहमा कार्यरत रहदा विद्यालयका शिक्षक/कर्मचारीको तलव/भत्ता लगायतका सुविधाहरु समेत अपुग हुने समस्या टड्कारो रुपमा सृजित भएको पाईन्छ । त्यसैले उपरोक्त समस्याहरुको समाधानार्थ जुनसुकै खालको काजमा रहेको भए पनि जुन विद्यालयमा दरवन्दी छ सोही विद्यालयमा शिक्षक/कर्मचारी कार्यरत रहनु वाञ्छनीय भएको हुदा १५ दिन भित्र शिक्षक तथा कर्मचारीहरुले आफ्नो दरवन्दी रहेको विद्यालयमा हाजिर भै कार्य गर्न सम्वन्धित सबै निकायहरुलाई निर्देशन गरिदिनु हुन अनुरोध गर्दछु ।

(दिनेश कुमार थपलिया)
सचिव

**वोधार्थ**

श्री जिल्ला समन्वय समितिहरु (सवै) : यस अनुरुप कार्य भएको/नभएको अनुगमन र समन्वय गराउनु हुन ।

श्री गाउपालिका/ नगरपालिकाहरु : (सबै) यस अनुरुप कार्य भए/नभएको अनुगमन गरी पठनपाठन गुणस्तरयुक्त र नियमीत गर्नु हुन ।

श्री सूचना तथा विधुतीय शासन शाखा: *Website* मा राखिदिनु हुन ।

**भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।**